जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १८४ | २०८१ साल फागुन ७ गते बुधबार (19 Feb. 2025 Wednesday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रजातन्त्र संस्कारको रुपमा ... ३ पृष्ठमा : प्रजातन्त्र दिवस, राससको ... ३ पृष्ठमा : साउदी अरबमा अमेरिका ...

## किशोरीको मृत्यु घटना बारे छानबिन समिति गठन

**दैनिक समाचारदाता**
**सिरहा, ६ फागुन ।**

सिरहामा १७ वर्षीया किशोरीको मृत्युसम्बन्धी घटनामा छानबिन समिति गठन भएको छ ।

मधेस प्रहरी कार्यालयले एक विज्ञप्ति जारी गर्दै एसपी शान्ति राज कोइरालाको नेतृत्वमा छानबिन समिति गठन भएको जानकारी गराएको हो ।

उक्त समितिले मंगलबारै घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान सुरु गरेको विज्ञप्तिमा उल्लेख छ ।

नवराजपुर गाउँपालिका वडा नम्बर-१ बस्ने १७ वर्षीया रिंकुकुमारी सदा माघ ३० मा मृत फेला परेकी थिइन् ।

घरमा झुन्डिएको अवस्थामा रिंकुकुमारी सदा मृत भेटिएकी हुन् । उनका आफन्त र परिवारले बलात्कृत भएपछि किशोरीले आत्महत्या गरेको दाबी गरेका छन् । आफन्तहरूले बलात्कारमा संलग्नलाई कारबाही गर्न माग गरेका छन् ।

किशोरीका काकाले फागुन १ मा आत्महत्या दुरुत्साहन कसुरमा अनुसन्धान गर्न जाहेरी दिएका थिए । इलाका प्रहरी कार्यालय लहानमा जाहेरी दर्ता गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी वीरेन्द्र पासवानले रातोपाटीलाई बताए । उनले भने, 'बलात्कार भएको विषयमा पनि अनुसन्धान हुन्छ, बलात्कार यकिन गर्न चिकित्सकको रिपोर्ट पर्खिरहेका छौं ।'

आत्महत्या दुरुत्साहन गरेको कसुरमा चिंकु भन्ने रुपेश मण्डललाई प्रतिवादी बनाएर मृतकका काकाले जाहेरी दिएका छन् । १९ वर्षीय मण्डल फरार छन् ।

## सशस्त्र प्रहरीले संगठनका १ सय २० जनालाई गऱ्यो विभागीय कारबाही

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ फागुन ।**

सशस्त्र प्रहरी बल नेपालले संगठनका १ सय २० जनालाई विभागीय कारबाही गरेको छ ।

सामाजिक सञ्जालमा संगठनको पोसाक लगाई विभिन्न क्रियाकलाप गरेको तस्बिर तथा भिडियो बनाई अपलोड गरेको पाइएपछि कारबाही गरिएको प्रवक्ता कुमार न्यौपाने जानकारी दिएका छन् ।

उनीहरुले सशस्त्र प्रहरी बल नेपालको पोसाक लगाई भिडियो तथा तस्बिर खिची व्यक्तिगत प्रोफाइलमा रहेको फेसबुक, म्यासेन्जर, ट्वीटर (एक्स), इन्स्टाग्राम, टिकटक, युट्युब, इमो, वीच्याट लगायतका सामाजिक सञ्जालमा अपलोड गरेका थिए ।

कारबाही परेकाहरूमा सशस्त्र प्रहरी नायव निरीक्षक ४ जना, सहयाक निरीक्षक ५ जना, वरिष्ठ हवल्दार ६ जना, हवल्दार ३ जना, सहायक हवल्दार ९ जना, जवान ९१ र परिचर २ रहेका छन् । उनीहरूलाई नसिहत, बढुवा रोक्का, चेतावनी, सचेत, ध्यानाकर्षण र मौखिक सम्झाई बुझाई गराइएको उनले बताए ।

यसैगरी सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले सामाजिक सञ्जालमा अमर्यादित ढंगको तस्बिर तथा भिडियो बनाई अपलोड गर्ने २८ जना सशस्त्र प्रहरी कर्मचारीहरूमाथि विभागीय कारबाही गरी सोको विवरण यथाशीघ्र खुलाई पठाउन मातहत कार्यालयहरूलाई निर्देशन समेत दिएको छ ।

फागुन ४ गते मातहत कार्यालयहरूमा आदेशात्मक पत्राचार गर्दै कारबाही गर्न भनिएकाहरूमा सशस्त्र प्रहरी सहायक निरीक्षक ६ जना, सहायक हवल्दार १ जना, र जवान २१ जना रहेको प्रवक्ता न्यौपानेले बताए ।

## सडक दुर्घटनामा ६ महिनामा एक हजार दुई सय ३३ जनाको निधन

काठमाडौं, ६ फागुन (रासस) ।

चालु आर्थिक वर्षको छ महिनामा सडक दुर्घटनामा परेर एक हजार दुई सय ३३ जनाको निधन भएको छ । लापराहीपूर्वक सवारीसाधन चलाएको तथा ट्राफिक नियमको पूर्ण परिपालनामा ध्यान नदिएका कारण दुर्घटनामा ज्यान जानेको सङ्ख्या गत आवको सोही अवधिको तुलनामा वृद्धि भएको हो ।

गृह मन्त्रालयका अनुसार विसं २०८० को पुस मसान्तसम्म देशभर १२ हजार आठ सय ५६ सडक दुर्घटनामा एक हजार एक सय ४९ जनाको ज्यान गएको थियो । यस वर्षको पुस मसान्तसम्म ११ हजार तीन सय ३८ सडक दुर्घटना हुँदा एक हजार दुई सय ३३ जनाको ज्यान गएको छ ।

गत वर्षको छ महिनाको तुलनामा यस वर्षको छ महिनामा सडक दुर्घटनाको सङ्ख्या घटे पनि मृत्यु हुनेको सङ्ख्यामा वृद्धि भएको छ । गत मङ्सिरको तुलनामा पुसमा सडक दुर्घटना बढे पनि मृत्यु हुनेको सङ्ख्या घटेको गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले जानकारी दिनुभयो ।

मन्त्रालयका अनुसार गत साउनमा एक हजार छ सय २८ सडक दुर्घटनामा एक सय ५२, भदौमा एक हजार छ सय १९ दुर्घटनामा एक सय ७४ जनाको अकालमा ज्यान गएको थियो । गत असोजमा एक हजार आठ सय ७३ सडक दुर्घटनामा दुई सय, कात्तिकमा एक हजार नौ सय २८ दुर्घटनामा परी दुई सय ५८ जनाको निधन भएको विवरण छ । अघिल्लो गत मङ्सिरमा दुई हजार १४ सडक दुर्घटनामा परी दुई सय ५२ र पुसमा सबैभन्दा बढी दुई हजार दुई सय ७६ दुर्घटनामा परेर एक सय ९७ जनाको निधन भएको छ ।

मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार गण्डकी, काठमाडौं उपत्यका र कर्णालीमा दुर्घटनाको सङ्ख्या घटे पनि मृत्यु हुनेको सङ्ख्यामा बढोत्तरी भएको छ । मधेस प्रदेश र बागमती (काठमाडौं उपत्यका) बाहेकमा दुर्घटनाको सङ्ख्या बढे पनि मृत्यु हुनेको सङ्ख्या घटेको छ ।

**भयावह आत्महत्या**

मन्त्रालयका अनुसार चालु आवको छ महिनामा तीन हजार एक सय ३४ जनाले आत्महत्या गरेका छन् । गत वर्षको सोही अवधिमा तीन हजार चार सय ५७ जनाले अकालमा ज्यान फालेका थिए । गत वर्षको छ महिनाको तुलनामा आत्महत्याको कुल सङ्ख्या घटेको छ ।

यस्तै गत मङ्सिरको तुलनामा र पुसमा आत्महत्याको सङ्ख्या घटेको छ । यस वर्षको कात्तिकमा सबैभन्दा बढी छ सय २८, मङ्सिरमा चार सय ७१ र पुसमा चार सय २५ जनाले

*बाँकी अन्तिम पृष्ठमा*

## शक्ति केन्द्रित प्रशासनिक संरचनाको पुनरावलोकन आवश्यक : मन्त्री लेखी

**दैनिक समाचारदाता**
**जनकपुर, ६ फागुन ।**



मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले संविधानले परिकल्पना गरेका स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र, र स्वायत्त इलाकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा मधेससहित सम्पूर्ण प्रदेशहरू अधिकार सम्पन्न हुन नसकेको बताएका छन् ।

राष्ट्रिय समाचार समितिको वार्षिक उत्सवको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै मन्त्री लेखीले शक्ति केन्द्रित प्रशासनिक संरचनाको पुनरावलोकन आवश्यक रहेको बताए ।

उनले भने, "संविधानले जिल्ला प्रशासन प्रणालीलाई आधिकारिक रूपमा चिनेको छैन। तसर्थ, सीडीओ कार्यालय, एसपी कार्यालय जस्ता निकायहरू खारेज गरी स्थानीय सरकारलाई थप अधिकार सम्पन्न बनाउनुपर्छ ।"

संविधानले प्रदान गरेका अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि प्रमुख दलहरू नेपाली कांग्रेस, एमाले, माओवादी लगायतका मधेसवादी दलहरूले गम्भीर ध्यान दिनुपर्ने मन्त्री लेखीको भनाइ छ । संघीयता कार्यान्वयनको प्रभावकारिता बढाउन स्थानीय तहलाई थप सशक्त बनाउनेतर्फ सरकार

*बाँकी अन्तिम पृष्ठमा*

## कलिङ्गा इन्स्टिच्युट घटनाप्रति भारतीय दूतावासद्वारा दु:ख व्यक्त

काठमाडौं, ६ माघ (रासस) ।

यहाँस्थित भारतीय दूतावासले ओडिसाको भुवनेश्वरस्थित कलिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजीमा एक नेपाली विद्यार्थीको मृत्यु भएको घटनाप्रति दु:ख व्यक्त गरेको छ ।

दूतावासले विज्ञप्तिमार्फत मृतक परिवारप्रति समवेदना प्रकट गरेको छ । दूतावासले ओडिसा राज्य सरकारसँग सम्पर्कमा रहेको र स्थानीय अधिकारीहरूले घटनाको अनुसन्धान सुरु गरेको जनाएको छ । कलिङ्गा इन्स्टिच्युटले नेपाली विद्यार्थीहरूलाई क्याम्पसमा फर्कन, आफ्नो कक्षा पुन: सुरु गर्न र छात्राबासमा बस्न अपिल गरेको छ ।

कलिङ्गा इन्स्टिच्युटले विद्यार्थीहरूलाई शैक्षिक रूपमा परेको क्षतिको पनि जिम्मेवारी लिने आश्वासन दिएको दूतावासले जनाएको छ । भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरू दुई देशबीचको स्थायी जनस्तर सम्बन्धका महत्त्वपूर्ण पक्ष भएको उल्लेख गर्दै दूतावासले भारत सरकारले नेपाली विद्यार्थीहरूको हकहित सुनिश्चित गर्न सबै आवश्यक कदम चाल्ने जनाएको छ ।

**फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।**

➢घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
➢फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
➢सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
➢प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
➢कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

**फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बिटौरी समस्या समाधानका लागि निकाय गम्भिर बन्

राजविराज नगरपालिकामा रहेको बिटौरी जग्गाको समस्या अझै समाधान हुन सकेको छैन् । वि.स.२०१६ साल मै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दाँया बायाँ पुस्तौदेखी वसोवास गर्दै आएका नगरवासीले जग्गाधनी पुर्जा नपाउँदा समस्यामा पर्दै आएका छन् । राजविराजमा झण्डै ५ हजार २ सय परिवार वर्षौदेखी जग्गाधनीपूर्जाबाट बञ्चित छन् । बिटौरी रसिदका आधारमा वासोवास गर्दै आएका नगरवासीहरु जग्गाधनी पुर्जा नभएकै कारण बैंक तथा वित्तिय संस्थामा जग्गा धितो राखी ऋण कर्जा लिनबाट बञ्चित रहेको लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बञ्चित हुन परेको छ ।

विगत ८ वर्षदेखी श्रेस्ता र कम्प्युटरमा कुनै रेर्कड नभएकोले भुमिसुधार तथा मालपोत कार्यालयले रोक्का गर्न नमानेपछी नगरवासी बैक तथा वित्तिय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित छन् । बिटौरी जग्गाको वर्षौदेखी कर लिदै आएको राजविराज नगरपालिकाले जग्गाधनी पुर्जा र नक्शापास समेत उपलब्ध नगराउदा बैंक तथा वित्तिय संस्थाले त्यस्तो जग्गा धितो राख्न मानेका छैनन् । जसकारण व्यापार व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचार लगायतका कार्यमा समेत नगरवासीलाई समस्या परेका छन् ।

यता नगरवासीको बृहत भेलाले बिटौरी समस्या समाधानका लागि संघर्ष समिति गठन गरि संघर्षका कार्यक्रम समेत घोषणा गरिसक्केको छ । तसर्थ यस्तो अवस्थामा पुस्तौ देखी वसोवास गर्दै आएका आफ्नै जग्गा पनि समस्या पर्दा बैक तथा वित्तिय संस्थामा धितो राखेर ऋण लिन नपाउनु दुखद रहेकोले यस समस्याको समाधानका लागि सम्बन्धीत निकायका साथै राजविराज नगरपालिका गम्भिर हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रजातन्त्र संस्कारको रुपमा विकसित हुनुपर्छ

**हरिविनोद अधिकारी**

काठमाडौँ, ६ फागुन (रासस)।

हामी ७५औं प्रजातन्त्र दिवस मनाउन लागेका छौं । एउटा अकल्पनीय युग थियो जहानियाँ शासनको । त्यो जहानियाँ राणाशासनको संस्थापक थिए तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा । उनले जुनसुकै उद्देश्यले आफ्ना सन्तानहरूले मात्र शासन चलाउन पाउने गरी राणाहरूको शासकहरूको क्रम बसाले जसको अन्त्य २००७ सालको जनक्रान्तिले गरेको थियो । त्यसरी एउटा परिवारको हालीमुहालीमा राज्य चलाउने राणा परिवारका विरुद्धमा अन्याय खप्न नसक्ने राणाहरू पनि जनक्रान्तिका पक्षमा लागेको इतिहास भेटिन्छ ।

राणाशासनको विरुद्धमा केही सङ्गठित, केही असङ्गठित प्रयास २००७ सालभन्दा पहिले पनि भएको पाइन्छ, जसको मुख्य आधारका रुपमा १९९७ सालको प्रजापरिषद्को जनविद्रोहको आवाज थियो, जसलाई राणाशासनले कुल्चियो र नेपालका महान् सपूतहरू शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाललाई मृत्युदण्ड दिइएको थियो । त्यसले तत्कालका लागि त राणा प्रशासनलाई राहत नै भएको थियो होला तर त्यसैको झिल्को र जनचेतनाको लहर नेपाल र भारतमा बसेका नेपालीहरूका माझ यसरी फैलियो कि राणाले कल्पना नै नगरेको विद्रोह भयो, नेपाली जनताहरू आफ्नो नागरिक स्वतन्त्रताका लागि हतियारसम्म उठाउन बाध्य भए, जसका लागि २००३ साल फेरि अर्को कोसेढुङ्गो साबित भयो, जसले नेपालीहरूको प्रजातान्त्रिक हक प्राप्तिका लागि, जन्मसिद्ध नागरिक हक प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि भारत प्रवासमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गरियो ।

नेपाली राष्ट्रिय कांग्रेसमा प्रमुख नेताहरू थिए, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद उपाध्याय तर उनीहरूले त्यो संस्थाको अध्यक्षका रुपमा प्रजातन्त्रका लागि नेपाली जेलमा रहेका टङ्कप्रसाद आचार्यलाई बनाए र कार्यवाहक अध्यक्षको रुपमा कार्यकारी नेता बनाएर विश्वेश्वरप्रसाद कोइराला थिए । उता प्रजातन्त्र कांग्रेसका मुख्य नेताहरू थिए सुवर्णशमशेर राणा, महेन्द्रविक्रम शाह र सूर्यप्रसाद उपाध्याय । मुलुकको वृहत्तर हित र नागरिक अधिकारको तत्काल बहालीका लागि ती दुवै दलहरू एकाकार भए र नेपाली कांग्रेस नामक दलको स्थापना गरियो । एकाकार प्रजातान्त्रिक दल नेपाली कांग्रेसले नेपालमा प्रजातन्त्रका लागि आवश्यक परे सशस्त्र क्रान्तिसमेत गर्ने निधो गऱ्यो ।

तत्कालको राणाशासनले सम्झाएर बुझाएर किन प्रजातन्त्र दिन्थ्यो र ? स्थिति कतिसम्म संवेदनशील बन्यो भने राजा मुलुक बाहिर जान बाध्य भए । अनि प्रजातन्त्रका लागि राजाको समेत समर्थनमा सशस्त्र क्रान्ति भएको थियो जसको नेतृत्व नेपाली कांग्रेसले लिएको थियो । विसं २००७ कात्तिक २६ गते सुरु भएको जनक्रान्तिले फागुन ७ गतेभित्रै आफ्नो लक्ष्य पूरा गर्दै फागुन ७ मा नै प्रजातन्त्र घोषणा गराउने काम गर्न सफल भएको थियो ।

दुई दल मिलेपछि प्रजातान्त्रिक प्रक्रियाको लागि सशस्त्र क्रान्तिसमेत गरियो र त्यसको फलस्वरुप मुलुकमा प्रजातन्त्र घोषणाको तयारी भयो । भारत प्रवासमा रहेका राजा र उनका परिवार पनि फर्किए । सशस्त्र क्रान्ति पनि सहमतिमा रोकियो र राजाले २००७ फागुन ७ गते मुलुकलाई नयाँ युगको प्रतीकस्वरुप प्रजातन्त्र घोषणा गरे र भने "... हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले..." भन्ने घोषणासँगै आफूलाई सहयोग गर्ने एक मन्त्रिपरिषद् पनि घोषणा गरिएको थियो । त्यो मन्त्रिपरिषद्मा राणा पक्षीय, कांग्रेस पक्षीय र राजा पक्षीय मन्त्रीहरू थिए । राजा त्रिभुवनले प्रधानमन्त्रीमा तत्कालै निवर्तित भएका श्री ३ महाराज प्राइममिनिस्टर मोहनशमशेर जङ्गबहादुर राणालाई नै परराष्ट्रमन्त्रीसमेत नियुक्त गरेका थिए भने अन्य मन्त्रीहरू थिए- बबरशमशेर जङ्गबहादुर राणा रक्षामन्त्री, विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री, सुवर्ण शमशेर राणा अर्थमन्त्री, चुडाराजशमशेर वन विभाग मन्त्री, गणेशमान सिंह उद्योग वाणिज्यमन्त्री, नृपशमशेर जङ्गबहादुर राणा शिक्षामन्त्री, भद्रकाली मिश्र यातायातमन्त्री, यज्ञबहादुर बस्न्यात् स्वास्थ्य र स्वायत्त शासनमन्त्री, भरतमणि शर्मा खाद्य र कृषिमन्त्रीसमेत अरु मन्त्रीहरू सम्मिलित भएको एक मन्त्रिमण्डल गठन गरिएको थियो । राजा त्रिभुवनले यो मन्त्रिपरिषद् निजको इच्छाअनुसार पदमा रहनेछन् भनेको थिए ।

नेपालमा प्रजातन्त्रको अभ्यास र शासन प्रणालीको स्वर्णिम कल्पना गर्ने हाम्रा ती महान प्रजातन्त्रवादीहरूलाई स्मरण गर्ने बेलामा के पनि बिर्सनु हुँदैन । जुन प्रजातन्त्रको हामी उपयोग र अभ्यास गरिरहेका छौं, के त्यही परिणामका लागि लाखौं नेपालीले. रगत र पसिना बगाएका हुन् प्रजातन्त्र प्राप्ति र पुनर्प्राप्तिका लागि ? यो प्रश्न आजको समयमा सर्वत्र उठिरहेको छ । प्रजातन्त्रवादीले प्रजातन्त्रको नेतृत्व गरिरहेको छ कि प्रजातन्त्र विरोधीले प्रजातन्त्रको विरुद्धमा प्रजातन्त्र शब्द र प्रयोगको दुरुपयोग गरिरहेको छ ? यो त सबै जनताले हेर्ने र समीक्षा गर्ने कुरा हो । नागरिक समाजको पनि कर्तव्य हो कि के प्रजातन्त्रका पक्षमा हो र के विपक्षमा हो भनेर जनतालाई जानकारी गराउने ।

प्रजातन्त्रमा केही अत्यावश्यक विशेषताहरू अनिवार्य हुनुपर्छ । ती विशेषताहरू हुन्–जनतालाई शासन गर्न जनताबाटै निर्वाचित पदाधिकारीहरू, स्वतन्त्र निष्पक्ष र नियमितरुपमा आवधिक निर्वाचनहरू, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकारको प्रत्याभूति, सूचनाको हक र सूचनाका जानकारीका लागि वैकल्पिक स्रोतहरू, सङ्घसंस्थाहरू खोल्न पाउने र उनीहरूको निरन्तरताको प्रत्याभूति र सबै नागरिकहरूको समावेशीतामा शासन प्रणालीले दिने विकास र समानताको सामाजिक न्यायको प्रत्याभूति । २००७ सालको जनक्रान्तिले ल्याएको जनचेतनाको प्रतिफल नेपाली जनताले प्रजातन्त्र प्राप्त गरे र त्यसको अगुवाइ नेपाली कांग्रेसले गरेको कुरा नेपालको इतिहासमा अविस्मरणीय घटना बनेकै छ । यसपटकको फागुन ७ गते हामीले नेपालीले स्वतन्त्रताको ७५औं दिवस मनाइरहेका छौं । यी विगतका ७४ वर्षहरू किन र कसरी अस्थिर राजनीतिका समयका रुपमा व्यतीत भए भन्नेकुरा अनुसन्धानकै विषय बनेको पाइन्छ । तर हाम्रो प्रयास चाहिँ स्थिर सरकार होस् र सरकारका प्रयासहरू सदैव जनहितमा मात्र केन्द्रित होउन् भन्नेमा नै केन्द्रित रहनुपर्छ ।

प्रजातन्त्रका लागि लड्नेहरूले प्रजातन्त्रको एउटा विश्वव्यापी खाकाको सैद्धान्तिक धारणालाई आत्मसात् गरेका हुन्छन् र एउटा प्रजातान्त्रिक सीमाको धर्को कोरेका हुन्छन् । त्यो धर्को भनेको प्रजातन्त्रको खुला सीमा हो, जसको एउटा अनुशासनलाई त्यसप्रति आस्था हुनेले मान्नैपर्छ, नत्र उ प्रजातन्त्रवादी हुनै सक्दैन । जनताको प्रत्यक्ष सहभागितालाई २००७ सालमा आदर्श मानेर प्रजातन्त्रको स्थापना गरिएको थियो र विभिन्न बहानाबाजीमा राजाहरूले २०१५ सालमा मात्र जननिर्वाचित संस्थाको व्यवस्था गरेका थिए । प्रजातन्त्रले त्यही बेलादेखि नै अभ्यासबाट टाढा बस्न बाध्य हुनुपरेको थियो । २०१७ पुस १ गतेको प्रजातन्त्रको घाँटी निमोठ्ने र संसद भङ्ग गरी जननिर्वाचित सरकार विघटन गर्ने आततायी घटना र त्यसपछिका ३० वर्षको निर्दलीयताको कुरै नगरौं ।

बिपी कोइरालाले स्वेच्छिक निर्वासन त्यागेर २०३३ पुस १६ गते नेपाल प्रवेश गरेपछि एउटा नयाँ चेतनाले नेपालमा प्रजातन्त्रका पक्षमा एउटा चेतनाको दियो बाल्ने काम गऱ्यो तर त्यसबेलासम्ममा प्रजातन्त्र विरोधीहरूको नयाँ भूइँफुट्टा समूह तयार गरिसकेको थियो, जसले राजालाई प्रजातन्त्रप्रतिको मोहभन्दा उनीहरूको सहयोगमा निर्दलीय व्यवस्थाको दीर्घकालीन अभ्यासका लागि प्रेरित गरेको थियो । त्यसैको फलस्वरुप २०३६ सालको बहुदल या निर्दलीय पञ्चायत भन्ने विकल्पको जनमत सङ्ग्रहमा जनमत सङ्ग्रह धोका हो भन्दै पञ्चायतको पक्षमा मत हाल्नेहरूको दबदबा बढ्यो । तर जनताको चाहना र प्रजातन्त्रको बाटो विपरीत तीन दशकमै नराम्ररी मक्किसकेको थियो । अन्ततः राजाका असल हिमायती हौं भन्नेहरूले न त पञ्चायत जोगाउन सके, न त राजतन्त्र नै जोगाउन सके ।

वास्तवमा प्रजातन्त्रका विरुद्धमा लाग्नेहरू, प्रजातन्त्रको नाममै भए पनि, ती सबै बडारिने रहेछन् भन्ने कुरा सोभियत सङ्घको पतनले मात्र प्रमाणित गरेको होइन कि हिटलरको समूल पतनले समेत प्रमाणित गरेकै हो । त्यसैले अन्ततः प्रजातान्त्रिक शासन व्यवस्था नै उपयुक्त हुने रहेछ भन्ने संसारभर नै नयाँ चेतना आएको छ, जसको प्रत्यक्ष प्रभाव नेपालमा परेकै छ र कतिपय घटनामा नेपालको शान्तिपूर्ण सत्ता हस्तान्तरणले नजिरको काम समेत गरेको छ । अहिले नेपालमा तेस्रो पुस्ताको प्रजातन्त्रको शासन चलेको छ । पहिलो पुस्ताको शासन २०१६ जेठदेखि २०१७ पुस १ गतेसम्म, दोस्रो पुस्ताको प्रजातन्त्र २०४७ वैशाख ६ गतेदेखि २०५९ असोज १९ सम्म र तेस्रो पुस्ताको प्रजातन्त्र २०६३ वैसाख ११ देखि आजसम्मको हो । मुलुक समाजवादोन्मुख छ र समाजका पक्षमा शासन प्रणाली हुन आवश्यक छ । निश्चित आयस्रोतको अवस्था र भएको प्राकृतिक स्रोतको सदुपयोग गर्ने काममा तदारुकता आवश्यक देखिन्छ । प्रजातन्त्र शासन प्रणालीको मात्र नाम होइन, यो त एउटा संस्कार हो, जसले मानवीय गुणहरूको व्यक्तिगत तथा सामूहिक रुपमा सम्मान गर्छ ।

प्रजातन्त्र दिवसका उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूमा शुभकामना र प्रजातन्त्रको रक्षाका लागि सदैव सजग रहन सावधान हुनुपर्ने सतर्कता आवश्यक रहेको अनुरोध गर्दै ज्ञातअज्ञात सहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्नु सामयिक हुनेछ । प्रजातन्त्रको विकल्प प्रजातन्त्र मात्र हो भन्ने विश्वव्यापी सत्यलाई आत्मसात् गर्नका लागि मुखले मात्र प्रजातन्त्रको कुरा गर्ने तर सदैव प्रजातन्त्रका विरुद्धमा मात्र तानाबाना बुन्नेहरूलाई चुनौती दिन पनि प्रजातन्त्र दिवसले प्रेरणा प्रदान गरोस् ।

# प्रजातन्त्र दिवस, राससको वार्षिकोत्सव र पत्रकारिता

धर्मेन्द्र झा

काठमाडौँ, ६ फागुन (रासस)।
देश ७५औँ प्रजातन्त्र दिवसको उत्सवमय उत्साहको सङ्घारमा छ। २००७ साल फागुन ७ गते अर्थात् ७४ वर्षपहिले नेपालले एकतन्त्रीय जहानियाँ राणा शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको थियो। देशमा हालसम्म जनताका अधिकार सुनिश्चितका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो।

प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्रलाई नै मानिन्छ। विश्वमा यही मात्र यस्तो शासन शैली हो जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यकताअनुसार परिमार्जन गर्दछ। नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालमा स्थापित प्रजातन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्वपूर्ण विन्दु भएको कुरामा दुईमत हुन सक्दैन। वास्तविक अर्थमा नेपाल देश बन्ने प्रक्रियाको प्रारम्भ यहीँबाट भयो। शासनका संरचनाहरू बन्न थाले। देशमा पहिलोपटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया सुरु भयो। कानुनी शासनको जग बसाउने कार्य थालियो। भौतिक पूर्वाधार निर्माणको आवश्यकता बोध हुन थाल्यो। शिक्षा र स्वास्थ्य पनि देशका लागि आवश्यक विषय हुन् भन्ने ठानियो।

नेपालको इतिहासमा फागुन ७ को महत्व प्रजातन्त्र दिवसका सन्दर्भमा मात्र छैन, नेपाली सञ्चार र प्रेसका सन्दर्भमा पनि आजको दिनको खास महत्व छ। लोकतन्त्र अथवा प्रजातन्त्रको एक महत्वपूर्ण आधार प्रेसलाई पनि मानिन्छ। संयोग नै मान्नुपर्छ, प्रजातन्त्र स्थापना भएको एक दशकपछि प्रजातन्त्र दिवसकै दिन पारेर नेपाली प्रेसको विकासका दृष्टिले महत्वपूर्ण मानिने राससको स्थापना भएको थिय यो। ६३ वर्ष पहिले (विसं २०१८ फागुन ७ गते) राष्ट्रिय समाचार समिति (रासस)को जग राखिएको थियो। निजी स्तरमा सञ्चालनमा रहेका नेपाल संवाद समिति र सगरमाथा संवाद समितिलाई गाभेर सरकारको पहलमा राष्ट्रिय संवाद समिति सञ्चालनमा आएको थियो। यही समिति पछि राष्ट्रिय समाचार समितिका रूपमा परिवर्तित भएको हो। केही हदसम्म गोरखापत्रलाई अपवाद मान्ने हो भने नेपालमा विधिवत् संस्थागत रूपमा पत्रकारिताको औपचारिक प्रस्थानविन्दु राससलाई नै मान्न सकिन्छ। आज रासस आफ्नो ६४औँ वार्षिकोत्सव मनाउँदैछ।

यो लामो कालखण्डमा राससले जनतालाई सुसूचित गर्ने दिशामा अहोरात्र सक्रिय रहँदै काम गरिरहेको छ। आफ्ना सेवामा समयानुकूल स्तरोन्नति र विविधीकरण गर्दै २१औँ शताब्दीमा रासस आफूलाई विश्वका अन्य देशका समाचार एजेन्सीजस्तै प्रतिस्पर्धी र प्रभावकारी हुन चाहन्छ। आज राससले नेपाली र अङ्ग्रेजी भाषामा समाचार सम्प्रेषणका साथै यी दुवै भाषामा अन्तरराष्ट्रिय समाचार सम्प्रेषण गर्दछ। राससले फोटो, आलेख, विचार, अन्तर्वार्ता, श्रव्यदृश्य सेवा पनि सञ्चालन गर्दै आइरहेको छ। पछिल्लो समय राससबाट मैथिली, अवधी र नेपाल भाषामा समाचार प्रवाह हुन थालेको छभने पाइलट प्रोजेक्टका रूपमा नेपाली भाषाको समाचार सेवालाई २४ घण्टे बनाइएको छ, अर्थात् राससले २४ घण्टा अनवरत समाचार सम्प्रेषण गर्न थालेको छ। मिडिया सङ्ग्रहालय र बुलेटिन कक्ष स्थापना गरी सर्वसाधारणको अध्ययन-अनुसन्धानका लागि खुला गरिएको छ।

विसं २००७ भन्दा पहिला नेपालमा सुशासनको कुनै अवधारणा नै थिएन अर्थात् शासनको कुनै सिद्धान्त थिएन भन्दा अतिशयोक्ति नहोला। न कुनै कानुन न कानुनी शासन। न अदालत न न्याय। न विकास न मानव अधिकार। यो सबैको कारण भनेको लोकतान्त्रिक शासनको अभाव थियो। प्रेस संस्थागत नहुँदा शासनको मनपरितन्त्र थियो। जनताले सूचना पाउन निकै कठिन थियो। सूचनाको अभावमा न शासनको पहुँच जनतासम्म थियो न जनताले नै आफ्ना कुरा शासनसमक्ष पुर्‍याउन सक्ने भरपर्दो माध्यम उपलब्ध थियो। यही कारण हो, स्थापना भएको एक दशकको अवधिसम्म पनि प्रजातन्त्रले संस्थागत हुने अवसर पाएको थिएन।

यस्तो परिवेशमा राज्यका सूचना जनतासम्म पुग्ने र जनताका आवश्यकताबारे राज्यले जानकारी प्राप्त गर्ने एक संयन्त्रका रूपमा राससको स्थापना भयो। दूरदराजका ठाउँमा रहेर राससका पत्रकारहरूले समाचार सम्प्रेषण गर्न थालेपछि नेपालमा औपचारिक रूपमा सूचना र सञ्चारको जालोको निर्माण हुन थालेको होभन्दा असान्दर्भिक हुँदैन। यो अलग कुरा हो, राससको सञ्चालन कसरी भयो? कुन विषय र कस्ता सूचनाको निर्माण र सम्प्रेषणलाई प्राथमिकतामा राखियो? यो संस्थाको लाभ जनतालाई कति र कसरी प्राप्त भयो? यी विषयमा फरक तरिकाले बहस गर्न सकिन्छ। त्यसमा केही विमति हुन सक्लान्। तर दोस्रो विश्वयुद्धपछि विस्तारै तङ्ग्रिँदै गरेको तेस्रो विश्वका राष्ट्रहरूका लागि सूचनाको प्राप्ति र प्रयोगका सन्दर्भमा महत्वपूर्ण बहस प्रारम्भ भएको समयमा अस्तित्वमा आएको राससको सैद्धान्तिक धरातललाई निश्चय पनि कमजोर मान्न सकिन्न।

अहिले अवस्थामा परिवर्तन आएको छ। अब देशमा राज्य वा सरकार नियन्त्रित सञ्चारमाध्यम मात्र नभएर निजी क्षेत्रका मिडियाको प्रभावकारी उपस्थिति छ। पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ। माथि चर्चा गरिएअनुसार नै नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ। पछिल्लो पुस्ताको लोकतन्त्रले सुशासनको अवधारणासँगै मानव अधिकार, सङ्घीयता, समावेशी र पहिचान, आवधिक निर्वाचन, सामाजिक न्याय र स्वतन्त्र प्रेसको अवधारणालाई सैद्धान्तिक रुपमै स्वीकार गरेको छ। नेपाल पनि स्वाभाविक रूपमा अपवाद हुन सक्दैन। यहाँ पनि यी अवयवहरूलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान, २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा यी अवधारणालाई आत्मसात् गरेको छ।

नेपालको संविधान, २०७२ मार्फत स्वीकार गरिएको सङ्घीयताको अवधारणाले नेपाली प्रजातन्त्र/लोकतन्त्रलाई क्रमशः परिष्कृत गर्दै लगेको छ। वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न सङ्घीयताको निकै महत्व छ। सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ। खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सबलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रिय बन्दै गएको छ। अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्द्रीकरणको अवधारणामा विश्वास गरिँदैन। अधिनायकवादमा विश्वास गर्नेहरू सधैँ शक्तिको केन्द्रीकरण चाहन्छन्।

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्द्रीय शासनमा निहित शक्ति र अधिकार विकेन्द्रीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभुता निहित हुने कुरालाई स्वीकार गर्न थालिएको छ। यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरण निर्माण भइरहेको छ। यस्तोमा प्रेसको भूमिका झनै महत्वपूर्ण हुन जान्छ। लोकतन्त्र सुशासनमा आधारित छ र सुशासनको एक प्रमुख आधार पारदर्शिता र उत्तरदायित्व बहन हो। यही पारदर्शिता निर्माण गर्ने सन्दर्भमा प्रेसको निर्णायक भूमिका हुन्छ भन्नु अनुचित हुँदैन। यसमा राज्यको समाचार एजेन्सी, जसलाई समाचार बैङ्क र मिडियाको पनि मिडिया भनिन्छ, राससजस्ता संस्थाहरूको भूमिका झनै महत्वपूर्ण हुन आउँछ। विगत ६४ वर्षदेखि आधिकारिक, मर्यादित, विश्वसनीय र सन्तुलित ढङ्गबाट देश र विदेशका सूचना प्रवाहित गर्दै आएको राससको भूमिकालाई स्वीकार गरेर यसको पहुँच र प्रभावलाई थप प्रभावकारी बनाउनु आवश्यक छ। रासस स्वयं यो दायित्व निर्वाहका लागि तयार र प्रतिबद्ध छ। सरोकारवालाहरूको सहयोगी हातेमालो अपरिहार्य छ।

पछिल्ला दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने समूहबाट राज्य, प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला। यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै धावा बोल्ने र आघात पुर्‍याउने जमातको आकार वृद्धि भइरहेको छ। यस्ता समूह खासमा लोकतन्त्र नै क्रियाशील भएको र समाज रुपान्तरण भएको देख्न चाहिरहेका छैनन्। तर रासस समयको वेगलाई पछ्याउन सचेत छ। रासस जनताको सुसूचित हुन पाउने हकको सुनिश्चितताको पक्षमा निरन्तर क्रियाशील छ र यस दिशामा रासस अनेक थरी चुनौतीसँग जुध्न तयार छ। अन्त्यमा, ७५औँ प्रजातन्त्र दिवस र राससको ६४औँ वार्षिकोत्सवका अवसरमा सबैलाई अनन्त शुभकामना। (लेखक श्री धर्मेन्द्र झा राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष हुनुहुन्छ)

## विश्व समाचार

### साउदी अरबमा अमेरिका-रुस वार्ता सुरु, युक्रेनलाई स्थान छैन

रियाद, ६ फागुन (रासस/एएफपी)।
अमेरिका र रुसका उच्च स्तरीय कूटनीतिज्ञहरू मङ्गलबार साउदी अरबमा भेट्दैछन्। त्यहाँ उनीहरूका बिग्रेका सम्बन्धहरू पुनःस्थापित गर्ने र युक्रेन युद्ध अन्त्य गर्ने प्रयासको सुरुआत गर्ने वार्ता हुँदैछ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पदभार सम्हालेपछि दुई देशबीचको पहिलो उच्चस्तरीय बैठकबाट कुनै ठोस परिणाम निस्किने सम्भावनालाई दुवै पक्षले कम आँकेका छन्। तैपनि वार्ताहरू भइरहेको तथ्यले क्रेमलिनप्रति संयुक्त राज्य अमेरिकाको हालैको पहलपछि युक्रेन र युरोपमा चिन्ता उत्पन्न गरेको छ। साउदी राजधानीको दिरियाह दरबारमा बिहान अमेरिका र रुसी कूटनीतिज्ञहरूबीच बैठक सुरु भएको रियादका पत्रकारहरूले बताएका छन्। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रियादमा भएका छलफलहरूमा किएभलाई निमन्त्रणा नगरिएको बताउनुभयो। युरोपेली नेताहरू नयाँ ट्रम्प प्रशासनको नाटकीय मोडलाई कसरी प्रतिक्रिया दिने भन्ने आपत्कालीन छलफलका लागि सोमबार पेरिसमा भेटेका थिए। ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीचको सम्भावित शिखर सम्मेलनको तयारी पनि कार्यसूचीमा पर्ने अपेक्षा गरिएको छ। ट्रम्पले युक्रेनमा तीन वर्ष लामो सङ्घर्षको द्रुत समाधानका लागि दबाब दिइरहनुभएको छ भने रुसले उहाँको पहललाई छुट प्राप्त गर्ने अवसरका रूपमा हेरिरहेको छ। युक्रेनी समाचार एजेन्सीहरूका अनुसार जेलेन्स्कीले किएभलाई रियादमा भएको वार्ताको बारेमा 'केही थाहा थिएन' र यसले 'हामीबिना हाम्रो बारेमा कुनै निर्णय वा सम्झौतालाई मान्यता दिन सक्दैनौँ' भन्नुभयो। उहाँले सामाजिक सञ्जालमा कुनै पनि शान्ति सम्झौतामा 'बलियो र विश्वसनीय' सुरक्षा प्रत्याभूति समावेश हुनुपर्ने बताउनुभयो। शान्ति सम्झौतामा 'बलियो र विश्वसनीय' सुरक्षा प्रत्याभूतिका लागि फ्रान्स र बेलायतले आह्वान गरेका छन् तर सबै युरोपेली शक्तिहरूले समर्थन गरेका छैनन्। बेइजिङमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले युक्रेनमा 'शान्तितर्फका प्रयासहरू' लाई स्वागत गर्दै 'एकै समयमा, हामी सबै पक्ष र सरोकारवालाहरूले वार्तामा भाग लिनसक्ने आशा गर्दछौँ' भन्नुभयो। बैठकअघि रुसले पुटिन र ट्रम्प 'असामान्य सम्बन्ध' बाट अगाडि बढ्न चाहेको र युरोपेलीहरूलाई कुनै पनि वार्ताको टेबलमा बस्न ठाउँ नभएको बताएको थियो। रुसका विदेशमन्त्री सर्गेई लाभरोभ र पुटिनका वरिष्ठ सहयोगी युरी उसाकोभले अमेरिकी विदेशमन्त्री मार्को रुबियो, राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्ज र मध्यपूर्वका दूत स्टिभ विटकोफसँग भेटवार्ता गर्नुहुनेछ।

### अमेरिकासँग आर्थिक वार्तामा प्रगति हुने मस्कोको अपेक्षा

मस्को, ६ फागुन (रासस/एएफपी)।
रुसले आगामी महिनाहरूमा अमेरिकासँग आर्थिक वार्तामा 'प्रगति' हुने अपेक्षा गरेको एक रूसी वार्ताकारले मङ्गलबार साउदी अरेबियामा बताएका छन्। साउदी अरेबियामा दुवै देशका शीर्ष अधिकारीहरूले भेट गरिरहेका छन् र वार्ताले क्रेमलिनले सम्बन्धको 'पुनःस्थापना' हुने आशा गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत हप्ता रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई फोन गरेदेखि र अमेरिकी अधिकारीहरूले रुसप्रतिको नीतिमा परिवर्तन सङ्केत गर्ने भाषणहरू दिएपछि मस्कोमा वासिङ्टनले युक्रेन आक्रमणका कारण लगाइएका प्रतिबन्धहरू हटाउन सक्ने आशा बढेको छ। "हामीसँग अर्थतन्त्रमा धेरै महत्त्वपूर्ण मार्ग छ", रसियन डाइरेक्ट इन्भेस्टमेन्ट फन्डका प्रमुख र वार्ताका लागि मस्कोका आर्थिक वार्ताकार किरिल दिमित्रिएभले सरकारी टेलिभिजन भन्नुभयो, "हामीसँग प्रस्तावहरूको शृङ्खला छ, जसको बारेमा हाम्रा सहकर्मीहरूले सोच्दैछन् र मलाई लाग्छ कि आगामी दुई-तीन महिनामा सम्भवतः यति टाढाको भविष्यमा प्रगति हुनेछ।" उहाँले ती प्रस्तावहरू के थिए वा अर्थतन्त्रबारे कुनै भविष्यका वार्ताहरू कहिले हुनेछन् भनेर विशेष रूपमा बताउनुभएन। संयुक्त राज्य अमेरिकामा अध्ययन गर्नुभएका र पहिले गोल्डम्यान स्याक्समा काम गर्नुभएका दिमित्रिएभ क्रेमलिनका लागि महत्त्वपूर्ण वार्ताकारका रूपमा हेरिनुहुन्छ। अमेरिकाको नेतृत्वमा पश्चिमले सन् २०२२ मा युक्रेनमा सेना पठाउँदा रुसमाथि प्रतिबन्ध लगाएको थियो। मस्कोले विगत तीन वर्षमा आफ्नो सेनामा व्यापक रूपमा खर्च बढाएको छ। यसबाट रुसलाई मन्दीबाट बचाउन मद्दत गरेको छ तर घरमा उच्च मुद्रास्फीति र असन्तुलन निम्त्याएको छ। विशेषज्ञहरूले सेना र हतियारहरूमा यस्तो उच्च खर्च लामो समयसम्म दिगो नहुने बताएका छन्। तर दिमित्रिभले पश्चिम यसको आफ्नै प्रतिबन्ध नीतिको मुख्य सिकार हो भन्ने क्रेमलिनको भनाइलाई दोहोऱ्याउनुभयो। "वार्ता सुरु गर्नु र प्रतिबन्धले रुसभन्दा अमेरिकी कम्पनीहरूलाई बढी असर गरेको भन्नु महत्त्वपूर्ण छ", उहाँले भन्नुभयो।

### अर्धसैनिक हमलामा २०० भन्दा बढीको मृत्यु

पोर्ट सुडान (सुडान), ६ फागुन (रासस/एएफपी)।
सुडानी अर्धसैनिक बलहरूले देशको दक्षिणका गाउँहरूमा तीन दिनको आक्रमणमा महिला र बालबालिकासहित दुई सयभन्दा बढी व्यक्तिको हत्या गरेको युद्धको निगरानी गर्ने एक वकिल समूहले मङ्गलबार बताएको छ। अधिकार उल्लङ्घनको अभिलेखीकरण गर्ने इमर्जेन्सी लयर्सका अनुसार नियमित सेनासँग झन्डै दुई वर्षदेखि युद्धमा फसेको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेस (आरएसएफ) ले 'ह्वाइट नाइल राज्यको अल-कदारिस र अल-खेलवात गाउँहरूमा कुनै सैन्य उपस्थिति नभएका क्षेत्रहरूमा निहत्था नागरिकहरूमाथि आक्रमण गरेको' थियो। आरएसएफले शनिबारदेखि आक्रमणका क्रममा 'हत्या, अपहरण, जबरजस्ती बेपत्ता र सम्पत्ति लुटपाट' गरेको छ, जसमा सयौं घाइते वा बेपत्ता भएका छन्। वकिल समूहका अनुसार नाइल नदी पार गरेर भाग्ने प्रयास गर्दा केही बासिन्दालाई गोली हानिएको थियो। गाउँलेहरूमाथि भएको आक्रमणलाई 'नरसंहार' को कार्य भन्दै वकिलहरूले केही व्यक्तिहरू डुबेर मरेको बताएका छन्। सन् २०२३ अप्रिलदेखि सुडान सेना प्रमुख अब्देल फत्ताह अल-बुरहान र उहाँका पूर्व सहायक आरएसएफ कमान्डर मोहम्मद हमदान डाग्लोका सेनाहरू बीच निर्मम सङ्घर्षमा फसेको छ। दुवै पक्षमाथि दुर्व्यवहार र युद्ध अपराधको आरोप लगाइएको छ। युद्धले दशौं हजारको ज्यान लिएको छ, एक करोड २० लाखभन्दा बढीलाई विस्थापित गरेको छ र इन्टरनेसनल रेस्क्यु कमिटीले 'अहिलेसम्म अभिलेखित सबैभन्दा ठूलो मानवीय सङ्कट" भनेको स्थिति सिर्जना गरेको छ।

# 'चुरेको संरक्षणका लागि तीनै तहका सरकारबीच समन्वय आवश्यक'

**दैनिक समाचारदाता**
**जनकपुर, ६ फागुन।**

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले चुरे विनाशले मधेसका जिल्लामा पानीका स्रोतहरू सुक्दै गएकाले यसको संरक्षणमा तीनै तहका सरकारबीचमा समन्वय तथा सहकार्य हुन जरुरी रहेको बताएका छन्।



जनकपुरधाममा सोमबार प्रदेशको गृह सञ्चार तथा कानुन मन्त्रालयको सहकार्यमा जलवायु पूर्वानुमानसम्बन्धी आसमान नेपाल र मर्सिकोर नेपालले आयोजना गरेको जलवायु उत्थानशील सामुदायिक परियोजनाअन्तर्गतको जलवायु अनुकूलनसम्बन्धी एकदिने कार्यशालामा मन्त्री लेखीले सबैको सहकार्य र समन्वयबाट जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सकिने धारणा राखे।

मन्त्रालयका सचिव उद्धवप्रसाद रिजालले जलवायु परिवर्तनले यस वर्ष जाडो कम हुनुका साथै हिउँदमा पानी नपरेकाले बढी गर्मी र गर्मीमा आगलागी बढ्ने खतरा रहेकाले यसप्रति सजगता बढाउन जरुरी रहेको उल्लेख गरे। उनले चुरे विनाशको प्रमुख कारण जलवायु परिवर्तन भएको भन्दै यसको संरक्षणमा सबैको सहयोगको आवश्यक औँल्याए।

मधेसका जिल्लामा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम व्यवस्थापनसम्बन्धी गरिएको अध्ययन प्रतिवेदन सार्वजनिकीकरण गर्दै वातावरणविद् मधुसुदन गौतमले मधेस प्रदेशका जिल्लाहरू प्राकृतिक विपद्को दृष्टिकोणले उच्च जोखिममा रहेकाले जोखिमको सामना गर्न पूर्वतयारीको काम कम भएको बताए।

जल तथा मौसम विज्ञान विभागका उपमहानिर्देशक अर्चना श्रेष्ठले मौसम विज्ञान विभागले समयमा विभिन्न विषयको पूर्वानुमान गर्ने गरेकाले नेपालमा धेरै धनजनको क्षति हुनबाट जोगिएको उदाहरण दिँदै मधेस प्रदेशका जिल्लामा मौसम विभागले संरचनाहरू विस्तार हुँदै गएको उल्लेख गरे।

प्रदेशको नीति तथा योजना आयोगका सदस्य डा शिला मिश्रले मधेस जलवायु परिवर्तनको उच्च जोखिममा रहेको बताउँदै वातावरण संरक्षणका लागि सबैमा जागरूकता हुन जरुरी रहेको उल्लेख गरिन्। मधेस बचाउन चुरे बचाउनुपर्ने भन्दै उहाँले चुरे संरक्षणमा हातेमालो गर्न तीनै तहका सरकारलाई आग्रह समेत गरिन्।

### *शक्ति केन्द्रित ...*

प्रतिबद्ध रहेको उनले बताए।

कार्यक्रममा नेपाल मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष कैलाश दासले राष्ट्रिय समाचार समिति (रासस) लाई प्रदेशस्तरीय रूपमा विस्तार गर्नुपर्ने प्रस्ताव राखे। उनले भने, "प्रदेश सरकारका गतिविधिहरूको प्रभावकारी संप्रेषणका लागि प्रदेश कार्यालयहरू स्थापना गरिनु आवश्यक छ।"

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार शाहले सञ्चारमाध्यम, पत्रकार, तथा पत्रपत्रिकाको प्रवर्द्धनका लागि नगरपालिकाबाट विशेष योजना ल्याइने प्रतिबद्धता व्यक्त गरे। जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डलले निष्पक्ष पत्रकारिताले भ्रष्टाचार नियन्त्रण र समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताए।

राष्ट्रिय समाचार समिति जनकपुर प्रमुख सुरेश झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण गुप्ता, आमसञ्चार प्राधिकरणका पूर्वप्रमुख श्यामसुन्दर यादव तथा अन्य वक्ताहरूले सञ्चारमाध्यमहरूको दायित्व, पत्रकारिताको निष्ठा, र स्थानीय प्रशासन सुधारबारे आफ्ना विचार राखेका थिए।

### *सडक दुर्घटनामा...*

आत्महत्या गरी ज्यान फालेका गृह मन्त्रालयले जनाएको छ।

**साइबर अपराध**

मन्त्रालयका अनुसार चालु आवको छ महिनामा १० हजार सात सय ७६ वटा साइबर अपराधसँग जोडिएका निवेदन दर्ता भएका छन्। सामाजिक सञ्जालको दुरुपयोग गरेर अपराध गर्नेहरूले सबैभन्दा बढी टेलिग्राम प्रयोग गरेको पाइएको छ। कुल एक हजार एक सय ८७ वटा निवेदन टेलिग्रामसँग जोडिएको दर्ता भएका छन्।

यस्तै, फेसबुक प्रयोग गरेर एक हजार ९८, इन्टाग्राम प्रयोग भएका सात सय ३१ र टिकटकसँग जोडिएका एक सय ५३ वटा निवेदन दर्ता भएका छन्। आव २०८०/८१ मा कुल १९ हजार सात सय ३०, आव २०७९/८० मा नौ हजार १३ वटा साइबर अपराधसँग जोडिएका निवेदन दर्ता भएका मन्त्रालयले जनाएको छ।

# शिक्षा मन्त्रालयद्वारा वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) रोक्ने चेतावनी

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ फागुन।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) रोक्ने चेतावनी दिएको छ।




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मंगलबार विज्ञप्ति निकालेर भारतको ओडिसास्थित भुवनेश्वरमा रहेको कलिंगा इन्स्टिच्यूट अफ् इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) मा भएको समस्या समाधान नगरे एनओसी रोक्ने चेतावनी दिएको हो।

'उक्त घटनाबाट सृजित समस्याको न्यायपूर्ण र वैधानिक रुपमा समाधान नगरिएमा भविष्यको लागि भारतको ओडिसा राज्यका विश्वविद्यालय शिक्षण संस्थानमा अध्ययनका लागि प्रदान गर्दै आएको वैदेशिक अध्ययन अनुमतिपत्र एनओसी प्रदान गर्ने कार्य स्थगित गर्न सकिने व्यहोरा पनि सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ,' मन्त्रालयले भनेको छ।

केआईआईटीमा अध्ययनरत छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्यु र तत्पश्चात नेपाली विद्यार्थीहरू प्रति मन्त्रालयले ध्यानकर्षण भएको जनाएको छ।

'विद्यार्थीहरूले सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको नियम पालना गरी नियमानुसार बुझाउनुपर्ने शुल्क बुझाई अध्ययन गर्न पाउने विश्वव्यापी मान्यताको विपरीत अध्ययनरत रहिरहेको अवस्थामा विश्वविद्यालय प्रशासनबाट विद्यार्थीहरू प्रतिकोभएको व्यवहार निन्दनीय छ,' मन्त्रालयले भनेको छ घटनाको विषयमा समस्या समाधानको लागि कूटनीतिक पहल गरिदिन परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिएको मन्त्रालयले जनाएको छ।

# सामाजिक सञ्जाल विधेयक जस्ताको त्यस्तै पारित गरिनु हुँदैन : नेता डा कोइराला

काठमाडौँ, ६ फागुन (रासस)।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले सामाजिक सञ्जाल विधेयक जस्ताको त्यस्तै पारित गर्न नहुने बताउनुभएको छ।

नेपाल प्रेस युनियनका शाखा अध्यक्षहरूको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै नेता डा कोइरालाले सामाजिक सञ्जाललाई नियमन गर्ने नाममा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्न नहुने बताउनुभयो। "सरकारले यो कुरालाई गम्भिरतापूर्वक लिनुपर्दछ", उहाँले भन्नुभयो।

संसद् सुरु हुनु केही दिनअघि मात्र सरकारले अध्यादेश ल्याएमा नेता डा कोइरालाले आपत्ती व्यक्त गर्नुभयो। चित्त नबुझेका काममा सरकारलाई खबरदारी गर्नुपर्ने उहाँको भनाइ थियो।

कांग्रेस केन्द्रीय सदस्य नारायणप्रकाश साउदले जनताका मुद्दालाई केन्द्रीयस्तरको बहसमा ल्याउन प्रेसजगतले काम गरिरहेको बताउनुभयो। पत्रकार र राजनीतिक दलका कार्यकर्तामा विवेक र संयमता हुन आवश्यक रहेको उल्लेख गर्दै उहाँले समाजिक सञ्जाललाई नियमन गरिनुपर्ने बताउनुभयो।

"सामाजिक सञ्जाललाई नियमन गर्ने नाममा अभिव्यक्ति स्वतन्त्रतालाई निषेध र बन्देज गरिनुहुन्न," नेता साउदले भन्नुभयो।

सांसद राजेन्द्र बजगाईंले प्रेसजगत्लाई अङ्कुश लगाउने गरी आउने कुनै पनि कानुनलाई पारित गर्न नहुने बताउनुभयो। नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हरिहर विरहीले पत्रकारले प्रेस स्वतन्त्रताका साथै नागरिक अधिकार सुरक्षित गर्नतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो।

महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहालले पत्रकार सत्ताको अभिन्न अङ्ग बनेर विचलित हुन नहुने बताउनुभयो। भुइँ मान्छेको दृष्टिबाट संविधान संशोधनका मुद्दा नउठेकाले यस्ता मुद्दा ल्याउन प्रेसजगत्ले भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो।

महासङ्घकी अध्यक्ष निर्मला शर्माले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुनेगरी कानुन बनाउन नहुनेमा जोड दिनुभयो। लोकतन्त्रलाई बलियो बनाउन प्रेसजगत्लाई सबल बनाइनुपर्ने उहाँले बताउनुभयो। पत्रकारलाई न्यूनतम पारिश्रमिक दिलाउन महासङ्घले पहल गरिरहेको अध्यक्ष शर्माको भनाइ थियो।

नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष किरण पोखरेलले नागरिक स्वतन्त्रताका लागि पत्रकारले खबरदारी गर्नुपर्ने बताउनुभयो। सामुदायिक रेडियो प्रशारक सङ्घका अध्यक्ष अर्जुन गिरीले लोकतन्त्रको सुदृढीकरणका लागि मिडियालाई सबल बनाउनुपर्नेमा जोड दिनुभयो। महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले संसदमा दर्ता भएको सामाजिक सञ्जाल विधेयक सरकारले फिर्ता लिनुपर्ने बताउनुभयो।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल र उपाध्यक्ष नकुल अर्यालले सम्मेलनका प्रस्तावहरूका बारेमा जानकारी दिनुभयो।


## राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी

**आ.व. २०८१।०८२ का लागि हटिया ठेक्का सिलवन्दि बोलपत्र आव्हानको सूचना।**

**दोश्रो पटक प्रकाशित मिति २०८१।११।०७**

यस नगरपालिका भित्रको देहाय बमोजिम कार्यको आय ठेक्का लगाउनु पर्ने भएको हुँदा बोलपत्र गर्न चाहने व्यक्ति/फर्म वा कम्पनीले यो सूचना दोश्रो पटक प्रकाशित भएको मिति देखी २०८१।११।२१ गते सम्म बोलपत्र खरिद गरी मिति २०८१।११।२२ गते दिनको १२:०० बजे सम्म शिलवन्दी बोलपत्र प्रस्ताव गर्न यो सूचना प्रकाशित गरिएको छ। अन्य शर्त तथा जानकारी यस कार्यालयको सूचना पाटी र website : www.rajbirajmun.gov.np तथा यस कार्यालयको राजश्व शाखाबाट उपलब्ध हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी सहित सूचित गरिन्छ।

| क्र.सं. | ठेक्काको नाम | कुल जम्मा न्युनतम कबोल अंक रु (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | हटिया गुदडी बैठकी बट्टी ठेक्का सम्झौता मिति देखी २०८२ असार मसान्त सम्म | २८,००,०००।०० | शिलबन्दी बोलपत्र |

**राजविराज नगरपालिका**
**नगर कार्यपालिको कार्यालय**
**राजविराज,सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*